# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## प्रेस विज्ञप्ति

### बाल अधिकारको स्थिति सम्बन्धी अन्तर्क्रिया कार्यक्रम

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्को आयोजना र प्रदेश नं. १ को सामाजिक विकास मन्त्रालयको सहआयोजनामा तीनै तहको सरकार, सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थाबीच बालबालिकाको स्थिति विषयमा बृहद छलफल गरी बाल अधिकार सुनिश्चितताका लागि अग्रगामी दिशानिर्देशका लागि समबुझाई विकास गर्न आयोजित अन्तर्क्रिया कार्यक्रम मिति २०७६ साल पुस १८ गते विराटनगरमा सम्पन्न भयो । यस कार्यक्रम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री तथा राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्ष श्री पार्वत गुरूङको अध्यक्षता, प्रदेश नं. १ का माननीय मुख्यमन्त्री श्री शेरधन राईको प्रमुख आतिथ्यता र प्रदेश सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री श्री जीवन घिमिरे, सामाजिक विकास समितिका माननीय सभापति श्री सरिता थापा र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री चन्द्रकुमार घिमिरेको आतिथ्यतामा र सामाजिक विकास समितिका माननीय सदस्यहरू, प्रदेश योजना आयोगका माननीय सदस्य, प्रदेश सरकारका प्रमुख सचिव, विभिन्न नगरपालिकाका प्रमुख तथा उपप्रमुखहरू, सामाजिक विकास मन्त्रालयका सचिव, झापा, मोरङ र सुनसरीका प्रमुख जिल्ला अधिकारीहरू, प्रदेश प्रहरी कार्यालयका प्रमुख लगायत सरकारी, गैरसरकारी संस्था, नागरिक समाज र बालबालिकाका प्रतिनिधिहरू लगायत पत्रकारहरूको सहभागितामा सम्पन्न भएको थियो ।




सचिव श्री चन्द्रकुमार घिमिरेले स्वागत मन्तव्यमा नेपालको संविधान र बालबालिका सम्बन्धी कानून बाल अधिकारको दृष्टिकोणबाट उत्कृष्ठ रहेको र संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धिलाई नेपाल सरकारले अनुमोदन गरेदेखि हालसम्म आउँदा बालबालिकाको बिषयमा गुणात्मक र संख्यात्मक सुधार उल्लेख्य भएको एवम् बालबालिकाको संरक्षण सम्बन्धी विविध सवालहरूमा रणानीतिक रूपमा अझै धेरै कार्यहरू गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।साथै, बालबालिकाको विकास, संरक्षण तथा हक हितका लागि तीनै तहको सरकारको भूमिका महत्वपूर्ण र साझा भएको बताउनु भयो । महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको नेतृत्व र राष्ट्रिय बाल अधिकार परिषद्को संयोजनमा बालबालिका खोजतलास समन्वय केन्द्र समेतको सहयोगमा तीन/चार वर्ष अघिदेखि संघीय राजधानी काठमाडौंमा रात्रिकालीन अभियान चलाएर सडकमा पुगेका बालबालिकाको खोजी तथा उद्धार, संरक्षण र व्यवस्थापन हालसम्म नियमित रूपमा निरन्तर सञ्चालन भइ रहेको र करिब १ हजार २०० जना सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएको जानकारी गराउनु भयो ।साथै प्रदेश नं. १ मा पनि आजै राति धरानको सडकबाट संघ, प्रदेश सरकार र धरान उपमहानगरपालिकाको समन्वय र सहयोगमा सडक बालबालिकाको उद्धार गरी उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यको प्रारम्भ गरिने जानकारी दिनु भयो ।

कार्यक्रममा प्रदेश सामाजिक विकास मन्त्री जीवन घिमिरेले संविधानको मर्म तथा भावना संघ, प्रदेश र स्थानीय तह मिलेर नै संघीय शासन सञ्चालन तथा व्यवस्थापनको परिकल्पना गरिएकोले बालबालिका सम्बन्धी कार्यहरू पनि तीनै तहको साझा कार्य मानी प्रदेश सामाजिक विकास मन्त्रालय यो विषयमा प्रतिबद्ध रहेको बताउनु भयो ।

प्रदेश नं. १ को बाल अधिकारको स्थिति सम्बन्धी कार्यपत्र सामाजिक विकास मन्त्रालयका सचिव श्री वीरबहादुर राईले र नेपालमा बाल अधिकारको समग्र स्थिति सम्बन्धी कार्यपत्र राष्ट्रिय बाल अधिकार परिषद्का राष्ट्रिय कार्यक्रम सल्लाहकार श्री ज्ञानेन्द्रकुमार श्रेष्ठले प्रस्तुत गर्नु भएको थियो । बालबालिकाको शिक्षा, स्वास्थ्य, बाल मृत्यूदर, पोषण, बाल अधिकार सचेतना अभिवृद्धि लगायत बाल सहभागिताका सवालमा विगत तीन दशकमा देशले ठूलो प्रगति हासिल गरेको तथा बाल विवाह, बाल श्रम, बालबालिका बेचविखन तथा गैर कानूनी ओसार पसार, हिंसा, शोषण, यौन दुर्व्यवहार, असहाय, अपाङ्गता भएका तथा सडक बालबालिकाको संरक्षण र व्यवस्थापनमा अझै समस्या तथा चुनौति रहेको कुरा कार्यपत्रमा प्रस्तुत गरिएको थियो । प्रस्तुत कार्यपत्रहरूमाथि र बालबालिकाको अवस्था, जल्दोबल्दो समस्याहरू र सुधारका उपायका सम्बन्धमा सहभागीहरूले थप भनाई र सुझावहरू राखेका थिए ।

कार्यक्रममा प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले बालमैत्री नीति तथा कानून बनाउन प्रदेश सरकार प्रतिवद्ध रहेको र आवधिक योजनामा नै प्रदेशलाई सडक बालबालिका मुक्त बनाउने घोषणालाई सार्थक बनाउन संघीय सरकारले ल्याएको नीतिले थप मद्धत पुगेको बताउनु भयो । मन्त्री पार्वत गुरुङले संघीय संरचनाको अवधारणालाई आत्मसाथ गर्दै बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी कार्यहरूको ज्ञान, सीप, अनुभव तथा जानकारी प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने, बालबालिकाको हक हितका लागि तीनै तहबीच समन्वय, सहकार्य र सहयोग गर्ने नीति अनुसार प्रदेश-१ मा कार्यक्रम आयोजना गरिएको बताउनु भयो । साथै नेपालको संविधानमा भएको बालबालिकाको हक हितको पूर्ण उपभोग तथा खान, लाउन र पठन–पाठन गर्न पाउने संवैधानिक अधिकारलाई व्यावहारिक कार्यान्वयनका लागि सरकारले नै जिम्मा लिने नीति अनुसार सडकमा जीवन विताइ रहेका सडक बालबालिकाको खोजी र उद्धारको अभियान प्रदेश-१ मा धरानबाट सञ्चालन गरिने र यस अभियानमा प्रदेश सरकार र सम्बन्धित स्थानीय तहको पनि उत्तिकै आवश्यक सहयोगको अपेक्षा रहेको बताउनु भयो ।

सोही दिन बेलुका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरूङ, प्रदेश सामाजिक विकास मन्त्री जीवन घिमिरे, संघीय मन्त्रालयका सचिव चन्द्रकुमार घिमिरे, धरान उपमहानगरपालिकाका प्रमुख तीलक राई र उपप्रमुख मञ्जु भणडारी (सुवेदी), राष्ट्रिय बाल अधिकार परिषद्का प्रशासकीय प्रमुख कृष्णप्रसाद भूसाल, परिषद् तथा बालबालिका खोजतलास समन्वय केन्द्रका कर्मचारीहरू र स्थानीय प्रहरीहरूको समुपस्थितिमा धरानबाट १३ जना बालक र १ जना बालिका गरी १४ जना सडक बालबालिका र ५ जना महिला तथा ११ जना पुरूष गरी कूल ३० जनालाई उद्धार गरी इटहरीस्थित बाल आवाज संस्थामा राखिएको थियो भने अर्को दिन वयश्कहरूलाई मानव सेवा आश्रम विराटनगरमा राखिएको छ । यसैगरी पुस १९ गते बेलुका प्रदेश नं. १ का सामाजिक विकास मन्त्री जीवन घिमिरे, दमक नगरपालिकाका प्रमुख रोमनाथ ओली, उपप्रमुख गीता अधिकारी लगायत जनप्रतिनिधिको सहभागितामा दमकबाट बालक १२ र बालिका २ गरी १४ जना सडक बालबालिका उद्धार गरी इटहरीस्थित बाल आवाज संस्थामा र नाबालक सहित एक जना महिलालाई दमक न.पा.ले सञ्चालन गरेको आवासीय संरक्षित गृहमा राखिएको छ । उद्धार गरिएकाहरूको आवश्यक लेखाजोखा गरी घर परिवार पहिचान भएकालाई परिवारमा पुनर्मिलन गरिनेछ भने अन्यलाई तत्कालीन तथा मध्यमकालीन संरक्षरणका लागि सामाजिक पुनर्स्थापना गरिनेछ।

मिति २०७६/०९/२१